नेपाल सरकार
# गृह मन्त्रालय
फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेलः control@moha.gov.np
mohacontrolroom@gmail.com

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
प्राप्त पत्र संख्याशा.सु. विभि९/०८०/०८
च.नं.:- ९६९

मितिः २०७९/०९/१४

विषयः कार्यविधि पठाइएको सम्बन्धमा ।

श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा नेपाल सरकार (माननीय गृहमन्त्री स्तर) बाट स्वीकृत **"पूर्ण समयमा व्यवसाय सञ्चालन सम्बन्धी कार्यविधि, २०७९"** यसैसाथ संलग्न राखी आवश्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७९/०९/१४

(दिनेश न्यौपाने)
शाखा अधिकृत

# पूर्ण समयमा व्यवसाय सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०७९

नेपाल सरकार, गृह मन्त्रालय (मा. मन्त्रीस्तर) बाट स्वीकृत मिति -२०७९।०५।०

**प्रस्तावनाः** व्यवसाय सञ्चालनको कार्यविधिमा एकरुपता कायम गर्नुका साथै कोभिड-१९ महामारी लगायतका कारण प्रभावित भएको पर्यटन व्यवसायलाई गतिशील बनाई रोजगारी सिर्जनाको वातावरण निर्माण गर्दै आर्थिक क्रियाकलापमा बढोत्तरी गर्न एवं सेवाग्राही/पर्यटकहरुको सुविधा अभिवृद्धि गर्दै स्वच्छ, मर्यादित र व्यवस्थित रुपमा व्यवसाय संचालनको वातावरण सिर्जना गर्न र व्यावसायिक गतिविधिहरुबाट अधिकाधिक मात्रामा लाभ प्राप्त गरी शान्ति सुरक्षा, पर्यटकीय गतिविधिमा बृद्धि, रोजगारी तथा आय आर्जनमा सहयोग र पर्यटक एवम् ग्राहकको सेवा विस्तार गरी व्यवसायलाई थप व्यवस्थित तथा मर्यादित रूपमा सञ्चालन गरी यसका सञ्चालक, कर्मचारी तथा कामदार, सेवाग्राही तथा सरोकारवाला निकायको भूमिका एवम् कार्यलाई निर्धारण गरी थप जिम्मेवार बनाउदै यसको नियमन गर्न उपयुक्त भएकोले सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम-९ ले दिएको अधिकार प्रयोग गरी गृह मन्त्रालये यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम प्रारम्भ र विस्तारः** (१) यस कार्यविधिको नाम "पूर्ण समयमा व्यवसाय सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि गृह मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि देशभर लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यस्थल" भन्नाले यस कार्यविधिमा उल्लेखित व्यवसाय गर्ने स्थललाई सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले गृह मन्त्रालय सम्झनु पर्छ ।

(ग) "व्यवसाय" भन्नाले होटल, रेष्टुरेन्ट, मसाज पार्लर, क्लव, लाउन्ज, डान्स रेष्टुरेन्ट, बार, दोहोरी, लाइभ व्याण्ड, पब, डिस्कोथेक, मदिरा विक्री पसल र यस्तै प्रकृतिका पूर्ण समयमा सञ्चालन हुने व्यवसाय सम्झनु पर्छ ।

(घ) "व्यवसायी" भन्नाले यस कार्यविधि अनुसारको व्यवसाय गर्ने व्यक्ति वा कम्पनी सम्झनु पर्छ ।

(ङ) "स्थानीय प्रशासन" भन्नाले सम्वन्धित जिल्ला प्रशासन कार्यालयलाई सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा १३ बमोजिमको अनुगमन समिति सम्झनु पर्छ ।

(छ) "सेवाग्राही" भन्नाले यस कार्यविधिमा उल्लेखित व्यवसायबाट सेवाप्राप्त गर्ने उद्देश्यले आउने व्यक्तिलाई सम्झनु पर्छ ।

३. **व्यवसाय दर्ता भएको हुनुपर्नेः** (१) व्यवसायीले सेवाको प्रकृति अनुसार प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायमा दर्ता गरी व्यवसाय सञ्चालन अनुमति लिएको, नविकरण गरेको र नियमानुसार कर तिरेर मात्र सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसायीले अनुमति प्राप्त गरेको व्यवसायिक उद्देश्य बाहेकका अन्य व्यवसाय वा सेवा सञ्चालन गर्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिम व्यवसाय सञ्चालन गर्ने व्यवसायीले प्रचलित कानूनले तोकेका कार्यका अतिरिक्त देहायका कार्यको परिपालना गर्नुपर्नेछः-

(क) व्यवसाय सम्बन्धित निकायमा तोकिएको समयमा नियमानुसार नवीकरण गर्ने

(ख) प्रचलित कानून बमोजिम व्यवसायको स्थायी लेखा नम्बर/मु.अ.करमा दर्ता गर्ने

(ग) प्रचलित कानून बमोजिम लाग्ने कर तथा राजश्व तोकिएको समयमा बुझाउने,

(घ) प्रचलित कानूनलाई पूर्ण रूपमा परिपालना गर्ने ।

४. **पूर्ण समयमा व्यवसाय सञ्चालन समय निर्धारण र अनुमति प्रदान गर्ने** : (१) व्यवसायीले पूर्ण समयमा व्यवसाय सञ्चालन गर्दा समितिको सिफारिसमा स्थानीय प्रशासनले तोकेको समयसम्म मात्र सञ्चालन गर्नुपर्नेछ ।

(२) व्यवसायीले पूर्ण समयमा व्यवसाय सञ्चालन गर्नु पर्दा स्थानीय प्रशासनमा अनुसूची १ बमोजिमको निवेदन दिनुपर्दछ ।

(३) उपदफा २ बमोजिम निवेदन प्राप्त भएपछि निवेदनमा उल्लेखित सूचकहरुको आधारमा दफा १३ बमोजिमको समितिले स्थलगत रुपमा अनुगमन गरी कुनै व्यवसाय वा एकै प्रकृतिका व्यवसाय भएका कुनै क्षेत्रलाई समय तोकी पूर्ण समयमा व्यवसाय सञ्चालन गर्न उपयुक्त देखिएमा अनुमति दिन स्थानीय प्रशासन समक्ष सिफारिस गर्न सक्नेछ।

(४) उपदफा ३ बमोजिमको सिफारिसका आधारमा स्थानीय प्रशासनले समय तोकी पूर्ण समयमा व्यवसाय सञ्चालन गर्ने अनुमति दिनेछ । यसको अभिलेख स्थानीय प्रशासनमा राख्नु पर्नेछ ।

तर, उपदफा ४ बमोजिम व्यवसाय संचालन समय निर्धारण गर्दा होटल, रेष्टुरेन्ट, कफीसप, खाना ,तथा खाजा खुवाउने पसल, पान पसल लगायतका प्रकृतिका सेवा जन्य व्यवसायहरु कम्तिमा राति १२ बजे सम्म सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

५. **सेवाको उपलव्धता सम्बन्धी व्यवस्थाः** पूर्ण समय सञ्चालन हुने व्यवसाय सार्वजनिक सदाचार र नैतिकताको आधारभूत मूल्य र मान्यतामा प्रतिकूल नहुने गरी सञ्चालन गर्नुपर्नेछ र त्यस्ता व्यवसाय सञ्चालन गर्दा प्रचलित कानूनमा तोकिएका व्यवस्थाको अतिरिक्त देहायका शर्तको पालना गर्नुपर्नेछः-

नेपाल सरकार
गृह मन्त्रालय

(क) सेवाप्रदायक र सेवाग्राहीले पालना गर्नुपर्ने जिम्मेवारी तथा दायित्व सबैले स्पष्टसँग देख्न र पढ्न सक्ने गरी सूचना पाटीमा राख्नु पर्ने,

(ख) कलाकारहरूले गायन तथा नृत्य प्रदर्शन गर्दा मौलिकता, संस्कृति झल्कने तथा सीपमूलक नृत्य प्रदर्शन गर्नुपर्नेछ र डान्सबार तथा नृत्य मनोरञ्जन हुने स्थानमा अश्लिलता प्रदर्शन नहुने गरी स्वस्थ मनोरञ्जन दिने गरी गायन तथा नृत्य प्रदर्शन गर्ने व्यवस्था मिलाउने,

(ग) डान्स रेष्टुरेन्ट एण्ड बार, लाइभ व्याण्ड, लाउन्ज बार, पव बार, क्लव र डिस्कोथेक जस्ता व्यवसायमा अठार वर्ष मुनिका बालबालिकाहरूलाई ग्राहकको रूपमा प्रवेश नगराउने,

(घ) अठार वर्ष नपुगेका ग्राहकलाई सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री गर्न पाइने छैन र धुम्रपान तथा सूर्ति सेवन नगर्ने व्यक्तिलाई असर नपर्ने स्थानमा धुम्रपान तथा सूर्ति सेवन गर्ने प्रयोजनका लागि छुट्टै क्षेत्र तोक्ने,

(ङ) सेवा लिए पश्चात् व्यवसाय स्थलबाट घरसम्म पुऱ्याइदिन सेवाग्राहीले अनुरोध गरेमा व्यवसायीले सःशुल्क सवारी साधनको व्यवस्था गर्ने,

(च) सवारी साधन आवत जावतमा अवरोध नहुने गरी ग्राहकको सङ्ख्याको आधारमा पार्किङ तथा सहज आवागमनको व्यवस्था मिलाउनु पर्नेछ।

६. **व्यवसायीको कर्मचारीप्रतिको दायित्वः** व्यवसायीले व्यवसाय सञ्चालनका लागि नियुक्त कर्मचारी तथा कामदारलाई काममा लगाउँदा प्रचलित कानूनमा तोकिएको व्यवस्थाको अतिरिक्त देहायको दायित्व तथा कार्यको पालना गर्नुपर्नेछः-

(क) आवश्यक पर्ने कर्मचारी तथा कामदारहरुलाई नियुक्ति पत्र दिएर मात्र काममा लगाउने,

(ख) कानूनले निषेध गरेको बालश्रमिकको प्रयोग नगर्ने सुनिश्चितता गर्ने,

(ग) नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक नघट्ने गरी कर्मचारी तथा कामदारको योग्यता, क्षमता र पद अनुसार मासिक तलब तथा सेवा सुविधाको व्यवस्था गर्ने साथै जोखिमपूर्ण काम भएमा जोखिम बिमाको समेत व्यवस्था मिलाउने

(घ) अतिरिक्त समयमा काम लगाउनुपर्दा समयावधिका आधारमा अतिरिक्त सुविधा दिने,

(ङ) तलब भत्ता तथा अन्य आर्थिक सुविधा बैकिङ्ग प्रणाली मार्फत् उपलव्ध गराउने,

(च) कर्मचारीलाई आलो-पालो वा सिफ्टको व्यवस्था गरी काममा लगाउने,



नेपाल सरकार गृह मन्त्रालय

(छ) कर्मचारी तथा कामदारले पालना गर्नुपर्ने आचारण निर्धारण गरी सोको पालना गर्ने व्यवस्था मिलाउने,

(ज) कर्मचारी र कामदारको लागि परिचय पत्र तथा कार्य प्रकृति अनुसार उपयुक्त पोशाकको व्यवस्था गर्ने,

(झ) कर्मचारी तथा कामदारको लागि रातीमा काममा लगाउनुपर्दा घरबाट आउन जान ट्रान्सपोर्ट (Pick up / Drop) र रातीको खानाको व्यवस्था गर्ने,

(ञ) समान कामको लागि समान पारिश्रमिक प्रदान गर्ने सुनिश्चितता गर्ने,

(ट) कर्मचारीको लागि बिदाको व्यवस्था गर्ने,

(ठ) कार्यस्थलमा यौन शोषण, यौनजन्य हिंसा, लैंगिक हिंसा र दुर्व्यवहार नहुने वातावरण निर्माण भएको हुनुपर्ने

(ड) कर्मचारी तथा कामदारको गुनासो सुन्ने र त्यसको उचित सम्बोधन हुने व्यवस्था गर्नु पर्नेछ ।

## ७. <u>सरसफाई तथा स्वास्थ्य जोखिम न्यूनिकरण सम्बन्धी व्यवस्थाः</u>

**१. सरसफाई सम्बन्धी व्यवस्था :**

व्यवसायीले व्यवसाय सञ्चालन गरेको स्थलमा प्रचलित कानूनले तोकेका सरसफाई सम्बन्धी कार्यविधिका अतिरिक्त देहायका कार्य समेत गर्नुपर्नेछः-

(क) विभिन्न समयमा जारी भएका स्वास्थ्य सम्बन्धी कार्यविधि, मापदण्ड पालना हुने सुनिश्चितताको व्यवस्था गर्ने,

(ख) महिला र पुरुषको लागि अलग-अलग लैङ्गिक मैत्री शौचालयको व्यवस्था गर्ने,

(ग) ग्राहक कक्ष तथा भान्सामा झ्याल ढोका तथा भेन्टिलेशनको व्यवस्था भएको हुनुपर्ने,

(घ) फोहरमैलाको उचित व्यवस्थापन गर्ने व्यवस्था मिलाउने,

(ङ) निर्मलीकरणको लागि उपकरण प्रयोग तथा त्यसलाई चालु अवस्थामा राख्ने प्रबन्ध मिलाउने,

(च) स्टेजको नियमित सरसफाईको प्रबन्ध गर्नुपर्ने,

(छ) रुमाल लगायतका कपडाहरूको उचित सरसफाई गरिएको हुनुपर्ने,

(ज) खाने परिकारहरू गुणस्तरीय, स्वच्छ, सफा र ताजा हुनुपर्नेछ ।

नेपाल सरकार गृह मन्त्रालय

७. स्वास्थ्य जोखिम न्यूनिकरण सम्बन्धी व्यवस्था :

व्यवसाय सञ्चालन गर्ने व्यवसायीले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा स्थानीय प्रशासनले निर्धारण गरेका स्वास्थ्य कार्यविधिको पालना गरी स्वास्थ्य जोखिम न्यूनीकरणमा सहयोग गर्नुपर्नेछ । व्यवसायीले व्यवसाय सञ्चालन गर्दा देहाय बमोजिम समयपालना र स्वास्थ्य सुरक्षाका कार्यविधिको पालना गर्नुपर्नेछः-

(क) कोभिड-१९ को संक्रमण, अन्य महामारी वा सरकारले नियन्त्रण गरेको विशेष अवस्थामा व्यवसायको प्रकृति, व्यवसायीको चाहना र तत्परता, ग्राहकको सङ्ख्या, सुरक्षा संवेदनशीलता र स्थानीय परिवेश लगायतको विषयमा व्यवसायीसँगको छलफलका आधारमा स्थानीय प्रशासनले निर्धारण गरेको समयमा मात्र व्यवसाय सञ्चालन गर्ने,

(ख) तोकिएका स्वास्थ्य कार्यविधि तथा भौतिक दुरी सम्बन्धी व्यवस्थाको अनिवार्य पालना गर्ने गराउने,

८. <u>सुरक्षा सम्बन्धी व्यवस्था:</u> व्यवसायीले व्यवसाय सञ्चालन गर्दा देहायका सुरक्षासँग सम्बन्धित कार्यको व्यवस्था गर्नु गराउनु पर्नेछः-

(क) कार्यस्थलको (Entry & Exit) प्रवेशद्वार र आसपासको सडक क्षेत्रसम्मको पहुँच हुने गरी सि.सि.टि.भि. को व्यवस्था र नियमानुसार त्यसको रेकर्ड सुरक्षित राख्नु पर्ने व्यवस्था गरिएको हुनुपर्ने,

(ख) व्यवसायस्थल परिसरभित्र वरपर सडक क्षेत्रमा सवारी साधनको हर्न बजाउन नपाइने साथै **Sound Control System** जडान गरी ध्वनि प्रदुषण नियन्त्रण गर्न उचित व्यवस्था भएको हुनुपर्ने,

(ग) Live Music, Pub Dance club, Disco, दोहोरी आदिमा प्रयोग हुने उपकरणहरूलाई Sound Proof गर्ने उपाय अवलम्वन गरी ध्वनि प्रदुषण तथा होहल्ला नहुने व्यवस्था मिलाउने,

(घ) व्यवसायस्थल परिसरभित्र तथा आगमन र प्रस्थान हुने कम्तीमा १०० मिटरसम्मको सडक र आसपासका क्षेत्रहरुमा आवश्यक मात्रामा बत्तीको व्यवस्था मिलाई आवतजावत गर्न सजिलो हुने प्रबन्ध मिलाएको हुनुपर्ने,

(ङ) व्यवसायको नाम र ठेगाना उल्लेख गरी सजिलै देख्न सकिने ठाउँमा Digital Display Board मा राख्ने,

(च) आवश्यकता अनुसार अग्नि नियन्त्रण (Fire Extinguisher) सामग्रीको व्यवस्था गरेको हुनुपर्ने,



नेपाल सरकार
गृह मन्त्रालय

(छ) आन्तरिक सुरक्षाको लागि परिचय पत्रसहितको सुरक्षा गार्डको व्यवस्था मिलाएको हुनुपर्ने,

(ज) आपत् परेको अवस्थामा आपत्कालीन द्वार प्रयोग गरी सहज तरिकाले बाहिर आउने प्रबन्ध मिलाएको हुनुंपर्ने,

(झ) कर्मचारी, कामदार तथा सेवाग्राहीको नियमित अभिलेख राख्ने व्यवस्था मिलाउने,

(ञ) स्टेज अगाडि भीडभाड नहुने गरी व्यवस्थापन गर्ने,

(ट) छिमेकी एवम् आसपासको समुदायलाई कुनै प्रभाव नपर्ने र गुनासो नआउने गरी व्यवसाय सञ्चालन गर्ने,

(ठ) नजिकको सुरक्षा निकायसँग सम्पर्क र समन्वय गरी आवश्यक परेका बखत सहयोग लिन सक्ने प्रबन्ध मिलाउने,

(ड) प्रचलित कानूनमा भएका व्यवस्था परिपालना गरी सार्वजनिक नैतिकता र शान्ति सुरक्षालाई सकारात्मक टेवा पुग्ने गरी व्यवसाय सञ्चालन गर्नुपर्ने,

(ढ) विद्युत आपूर्तिको वैकल्पिक व्यवस्था गर्नुपर्ने छ ।

९. <u>**व्यवसायीको श्रमजीवी महिलाप्रतिको दायित्व र आचार संहिताको पालनाः**</u> व्यवसायीले कार्यस्थलमा श्रमजीवी महिलामाथि यौन उत्पीडन, यौन शोषण र अमर्यादित व्यवहार सम्बन्धमा हुने अनुसूची १ बमोजिमका कार्य रोकी तथा रोक्न लगाई आचारसंहिताको पालना गर्नु गराउनु पर्नेछ । व्यवसाय सञ्चालन गर्दा व्यवसायीको श्रमजीवी महिलाप्रतिको दायित्व देहाय बमोजिम हुनेछः-

(क) सेवाग्राहीबाट श्रमजीवी महिलालाई यौन उत्पीडन, यौन शोषण र उनीहरुको मर्यादामा आँच पुग्ने काम कारवाही गरेमा वा गर्न लगाएमा त्यसबाट सुरक्षा प्रदान गर्ने गराउने,

(ख) श्रमजीवी महिलाको सुरक्षाको यथोचित प्रबन्ध गर्ने गराउने,

(ग) श्रमजीवी महिलाको लागि सुरक्षित कोठामा बच्चालाई स्तनपानको व्यवस्था गर्ने,

(घ) श्रमजीवी महिलाको लागि सुरक्षित पोशाक परिवर्तन कक्षको व्यवस्था गर्ने,

(ङ) श्रमजीवी महिला कर्मचारीले गरेको गुनासोको तत्काल समाधान गर्ने गराउने,

(च) रेष्टुरेन्ट, मसाज पार्लर, डान्सबार वा दोहोरी आदिमा कुनै सेवाग्राहीले प्रचलित कानून बमोजिम गर्न नहुने तथा सामाजिक मर्यादा विपरीत कार्य गरेमा त्यस्तो सेवाग्राहीबाट श्रमजीवी महिलालाई बचाउन वा निजलाई त्यस्तो स्थानबाट निकाल्न सुरक्षा गार्डको व्यवस्था गर्नुपर्ने, र

(छ) व्यवसाय सञ्चालकले प्रचलित श्रम सम्बन्धी कानून तथा अन्य कानूनको पालना गर्नु गराउनु पर्नेछ ।



नेपाल सरकार
गृह मन्त्रालय

१०. **सेवाग्राहीले पालना गर्नुपर्ने आचरणः** सेवाग्राहीको रूपमा संलग्न हुने व्यक्तिले देहायका आचरण पालना गर्नुपर्नेछः-

(क) श्रमजीवी कर्मचारी तथा कामदारहरुप्रति सम्मानजनक व्यवहार गर्ने,

(ख) मादक पदार्थ सेवन गरी होहल्ला गर्न एवम् अभद्र व्यवहार गर्नु हुँदैन,

(ग) यौन उत्पीडन, यौन शोषण तथा अमर्यादित व्यवहार गर्न वा गर्न लगाउने वा सोको दुरुत्साहन गर्न दिनु हुँदैन र

(घ) कानूनले निषेधित गरेको अन्य कार्य गर्नु गराउनु हुँदैन ।

११. **कर्मचारी तथा कामदारले पालना गर्नुपर्ने आचरणः** व्यवसाय सञ्चालनको लागि नियुक्त कर्मचारी तथा कामदारले व्यवसायिक कार्यमा संलग्न हुँदा देहायका आचरणको पालना गर्नुपर्नेछः-

(क) व्यवसायलाई मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि व्यवसाय सञ्चालकलाई सहयोग पुऱ्याउने,

(ख) व्यवसाय सञ्चालकबाट निर्धारण गरिएको पोशाक तथा उपलब्ध गराएको परिचय पत्र लगाउने,

(ग) सेवाग्राहीहरूसँग शिष्ट र मर्यादित व्यवहार प्रदर्शन गर्ने,

(घ) आफ्नो कार्य समयमा मादक पदार्थ सेवन गर्ने तथा सेवाग्राहीसँगै बस्न तथा खान नहुने,

(ङ) एक आपसमा आवश्यक परेको बेलामा सहयोगको भाव राख्ने,

(च) उत्तेजक पोशाक लगाई नृत्य गर्न गीत गाउन नहुने,

(छ) व्यवसायी सञ्चालकसँग आफ्ना गुनासोहरू मर्यादित, शिष्ट र सभ्य तरिकाबाट राख्ने तथा सामुहिक सौदावाजीको माध्यमबाट गुनासो व्यवस्थापनमा व्यवसायीलाई सहयोग गर्ने, र

(ज) प्रचलित श्रम तथा अन्य कानूनमा भएका व्यवस्था पालना गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

१२. **अन्य व्यवस्थाः** व्यवसायीले व्यवसाय सञ्चालन गर्दा देहायका व्यवसायिक कार्य समेत पालना गर्नुपर्नेछः-

(क) प्रदान गर्ने सेवाको विवरण र सोको मुल्यसूची अनिवार्य रूपमा सबैले देख्ने स्थानमा राख्नुपर्ने,

(ख) सञ्चालन गरेको व्यवसायको प्रमाणपत्रहरू सबैले देख्ने ठाउँमा राख्नुपर्ने,

नेपाल सरकार गृह मन्त्रालय

(ग) समय समयमा कर्मचारी तथा कामदारलाई कामको सम्बन्धमा तालिम तथा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(घ) व्यवसाय सञ्चालनका सम्बन्धमा समुदायस्तरमा कुनै विवाद नआउने गरी सञ्चालन गर्ने वातावरण बनाउने,

१३. **अनुगमन समिति सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधिको अनुसूची १ बमोजिमको निवेदन अनुसार निरीक्षण गर्ने, दफा ४ बमोजिम सिफारिस गर्ने र यस कार्यविधिको पालनाको लागि निरीक्षण तथा अनुगमन गर्न गराउन देहायको जिल्लास्तरीय अनुगमन समिति रहनेछः-

(क) सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय - संयोजक

(ख) जिल्ला समन्वय अधिकारी वा अधिकृत स्तरको प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय - सदस्य

(ग) प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय - सदस्य

(घ) सशस्त्र प्रहरी नायब उपरीक्षक सशस्त्र प्रहरी बल - सदस्य

(ङ) सम्बन्धित क्षेत्रको उद्योग वाणिज्य संघको प्रतिनिधि वा सम्बन्धित व्यवसाय संघको प्रतिनिधि - सदस्य

(२) समितिको बैठक तथा अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

(३) यस कार्यविधिमा अन्यत्र उल्लेख भएका अनुगमन समितिका काम, कर्तव्य र अधिकारका अतिरिक्त अनुगमन समितिका अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः-

(क) समिति समक्ष परेको उजुरीको छानबीन गर्ने गराउने,

(ख) व्यवसाय सञ्चालन भएको ठाउँमा यस कार्यविधि र प्रचलित कानून विपरित काम भए नभएको अनुगमन गर्ने गराउने,

(ग) सञ्चालित व्यवसायहरूको समय-समयमा आकस्मिक निरीक्षण गर्ने र त्यसरी निरीक्षण गर्दा यस कार्यविधिको प्रतिकूल काम भैरहेको वा हुन लागेको वा हुनसक्ने आशंकाको विद्यमानता देखिएमा तत्काल त्यस्ता कार्यहरू नियन्त्रण गरी आवश्यक कारवाही प्रक्रिया सुरु गर्ने,

(घ) श्रमजीवी महिला कार्यरत रहेको स्थानलाई थप व्यवस्थित र मर्यादित बनाउन आवश्यक निर्देशन दिने र त्यस्तो निर्देशनको पालना गर्नु सम्पूर्ण व्यवसायीको कर्तव्य हुनेछ,

(ङ) व्यवसायमा कानून विपरितका कार्य भएको देखेमा वा तत्सम्बन्धमा कुनै उजुरी परेमा सो सम्बन्धमा आवश्यक छानविन एवम् कारवाहीको लागि सम्बन्धित निकायमा पठाउने,



नेपाल सरकार
गृह मन्त्रालय

१४. **उजुरी एवम् कारवाहीः** (१) यस कार्यविधि बमोजिमा उल्लिखित निषेधित कार्यबाट कुनै श्रमजीवी पीडित भएमा वा पीडित हुने आशंका भएमा पीडित आफैले वा सोको बारेमा जानकारी प्राप्त गर्ने जोसुकैले दफा १३ बमोजिमको समिति समक्ष वा नजिकको प्रहरी कार्यालयमा आफूले देखे सुने जानेको सम्पूर्ण कुरा खुलाई उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रहरी कार्यालयमा उजुरी परेमा सम्बन्धित प्रहरी कार्यालयले तत्काल पीडितको स्वास्थ्य एवम् सुरक्षाको प्रबन्ध गरी प्राप्त उजुरी उपर आवश्यक कारवाही अगाडि बढाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको उजुरीको कारवाही गोप्य हुनेछ र कुनै तथ्य प्रकाशन गर्नु परेमा अनुगमन समितिको अनुमतिमा परिवर्तित नामबाट मात्र प्रकाशित गर्नुपर्नेछ ।

(४) यस दफा बमोजिम उजुरी उपर छानविन गर्दा कर्मचारी वा कामदारउपर गर्न नहुने काम गरेको पाइएमा त्यस्तो कार्य रोक्न व्यवसायीलाई आवश्यक निर्देशन दिन सकिनेछ र त्यसरी दिईएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

१५. **उपसमिति गठन गर्न सक्नेः** समितिले यस कार्यविधिको पालना गराउने तथा उजुरी छानवीन गर्ने प्रयोजनका लागि आवश्यकतानुसार समितिका सदस्यहरूमध्येबाट उपसमिति गठन गर्न सक्नेछ र त्यस्तो उपसमितिको कार्य क्षेत्रगत शर्त समितिले तोके बमोजिम हुनेछ ।

१६. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** समितिले आफूलाई प्राप्त अधिकार समितिको कुनै सदस्य वा उपसमिति बनाई प्रत्यायोजन गर्न सक्नेछ ।

१७. **अनुगमन गर्नुपर्नेः** समितिले अनुगमन गर्दा अनुसूची १ बमोजिमको निवेदनमा उल्लेखित सूचकहरुको आधारमा गर्नुपर्नेछ ।

१८. **निर्देशन दिन सक्नेः** प्रमुख जिल्ला अधिकारीले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१९. **प्रचलित कानून बमोजिम हुनेः** यो कार्यविधिमा व्यवस्था गरिएका विषयको हकमा यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२०. **कारवाहीमा असर नपर्नेः** यो कार्यविधिमा लेखिएको कुराहरूले पीडित पक्षले प्रचलित कानून बमोजिम कारवाही चलाउन पाउने कुरामा असर पर्ने छैन ।

नेपाल सरकार
गृह मन्त्रालय

## अनुसूची १

## दफा ४ (२), दफा १३ (१) र दफा १७ (१) सँग सम्बन्धित

## <u>अनुगमन सूचक सहितको निवेदन फाराम</u>

फोटो

व्यवसायको नाम :

ठेगाना :

सञ्चालकको नाम :

व्यवसायको दर्ता मिति :

स्थायी लेखा नं. :

दर्ता जारी गर्ने निकाय :

इजाजतको किसिम :

**व्यवसाय दर्ता सम्बन्धमा:**

| क्र.सं. | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | व्यवसायको प्रकृति अनुसार सम्बन्धित निकायमा दर्ता भएको / नभएको | | | |
| २. | सम्बन्धित निकायबाट अनुमति लिए/ नलिएको | | | |
| ३. | स्थानीय प्रशासनलाई व्यवसाय सञ्चालनको जानकारी दिए/ नदिएको | | | |
| ४. | व्यवसाय नियमानुसार नवीकरण भए/नभएको | | | |
| ५. | व्यवसाय प्यान/भ्याटमा दर्ता भए/नभएको | | | |
| ६. | कुनै किसिमको राजश्व तिर्न बाँकी भए/नभएको | | | |
| ७. | व्यवसाय संचालनको लागि तोकिएको उद्देश्य भन्दा अलग प्रकृतिको व्यवसाय सञ्चालन गरे/ नगरेको | | | |

**व्यवसाय संचालनको समय र अनुमती सम्बन्धी व्यवस्था:**

| क्र.सं. | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | स्थानीय प्रशासनले निर्धारण गरेको समयमा व्यवसाय सञ्चालन गरेको/ नगरेको | | | |
| २. | सरकारले जारी गरेका स्वास्थ्य कार्यविधि सम्बन्धी व्यवस्थाको पालना गरे/ नगरेको | | | |

**सेवा उपलव्धताको व्यवस्था :**

| क्र.सं. | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | सेवा प्रदायक र सेवाग्राहीले पालना गर्नुपर्ने दायित्व सूचना पाटीमा सबैले सजिलै देख्र र पढन सक्ने गरी राखे/ नराखेको । | | | |

नेपाल सरकार गृह मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| २. | कलाकारहरुले गाउने तथा नृत्य कलाकारिता प्रदर्शन गर्दा मौलिक, संस्कृति झल्कने तथा सीपमूलक नृत्य प्रदर्शन गर्ने व्यवस्था | | | |
| ३. | डान्सबार तथा नृत्य मनोरञ्जन हुने स्थानमा अश्लिलता प्रदर्शन नहुने गरी स्वस्थ मनोरञ्जन दिने गरी गायन तथा नृत्य प्रदर्शन गर्ने व्यवस्था मिलाएको/ नमिलाएको | | | |
| ४. | डान्स रेष्टुरेन्ट एण्डबार, लाइभ व्याण्ड, लाउन्ज बार, पवबार, क्लव, र डिस्कोथेक जस्ता व्यवसायमा १८ वर्ष मुनिका बालबालिकाहरुलाई ग्राहकको रुपमा प्रवेश गराएको/ नगराएको | | | |
| ५. | १८ वर्ष नपुगेका ग्राहकलाई सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री गर्ने गरेको/नगरेको | | | |
| ६. | धुम्रपान तथा सूर्ति सेवन नगर्ने व्यक्तिलाई असर नपर्ने स्थानमा धुम्रपान तथा सूर्ति सेवन गर्ने प्रयोजनका लागि छुट्टै क्षेत्र तोकेको/ नतोकेको | | | |
| ७. | सेवा लिए पश्चात् व्यवसाय स्थलबाट घरसम्म पुर्याईदिन ग्राहकले अनुरोध गरेमा व्यवसायीसंग स-शुल्क सवारी साधनको व्यवस्था गरिएको/नगरिएको | | | |
| ८. | सवारी साधन आवत जावतमा अवरोध नहुने गरी ग्राहकको संख्याको आधारमा पार्किङ तथा सहज आवागमनको व्यवस्था मिलाइएको /नमिलाएको | | | |

**कर्मचारी सम्बन्धी विवरणः**

| क्र.सं. | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | कर्मचारीहरुलाई नियुक्ति पत्र दिए /नदिएको | | | |
| २ | नेपाल सरकारवाट तोकिएको समय भन्दा बढी काम लगाए/नलगाएको | | | |
| ३. | अतिरिक्त समय काम गर्नु पर्दा अतिरिक्त सुविधा दिए/नदिएको | | | |
| ४. | नेपाल सरकारले तोकेको न्यूनतम तलब उपलव्ध गराए/नगराएको | | | |
| ५. | तलब सुविधा नियमित रुपमा उपलव्ध गराए/नगराएको | | | |
| ६. | तलब सुविधा उपलव्ध गराउँदा बैकिङ्ग प्रणाली प्रयोग भए/ नभएको | | | |

नेपाल सरकार
गृह मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| ७. | कर्मचारी कामदारको जोखिम विमाको व्यवस्था गरे/नगरेको | | | |
| ८. | समान कामको लागि समान पारिश्रमिक प्रदान गरे/नगरेको | | | |
| ९. | कर्मचारीको लागि विदाको व्यवस्था भए/नभएको | | | |

**पेशागत आचरण सम्बन्धी:**

| क्र.सं. | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | कर्मचारीको लागि कार्य प्रकृति अनुसार पोशाकको व्यवस्था भए/ नभएको | | | |
| २. | कर्मचारीको लागि रातीमा काममा लगाउनुपर्दा घरबाट आउन जान ट्रान्सपोर्ट (Pick up/Drop) को व्यवस्था भए/नभएको | | | |
| ३. | रातीमा काम लगाएका कर्मचारीलाई रातको खानाको व्यवस्था भए / नभएको | | | |
| ४. | महिला कर्मचारी तथा कामदारको बालबालिकालाई स्तनपान गराउने कक्षको व्यवस्था भए/ नभएको | | | |
| ५. | महिला कर्मचारीको लागि सुरक्षित पोशाक परिवर्तन कक्ष(Changing room) को व्यवस्था भए/नभएको | | | |

**सरसफाई सम्बन्धमा:**

| क्र.सं. | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | कर्मचारी तथा कामदारले स्वास्थ्य कार्यविधि पालना गरे/ नगरेको | | | |
| २. | शौचालयको नियमित सरसफाई गरे / नगरेको | | | |
| ३. | महिला र पुरुषको लागि भिन्दाभिन्दै शौचालय भए/नभएको | | | |
| ४. | भवन परिसरको सरसफाई भए/नभएको | | | |
| ५. | ग्राहक कक्ष तथा भान्सामा झ्याल ढोका तथा भेन्टिलेशनको व्यवस्था भए / नभएको | | | |
| ६. | फोहरमैलाको उचित व्यवस्थापन भए/नभएको | | | |
| ७. | स्टेजको नियमित सरसफाईको प्रबन्ध भए/ नभएको | | | |
| ८. | टेबुल, कुर्ची र रुमाल लगायतका फर्निचर एवं कपडाहरुको उचित सरसफाई भए/ नभएको | | | |
| ९. | खाने परिकारहरु गुणस्तरीय,स्वच्छ, सफा र ताजा भए/ नभएको | | | |

**सुरक्षा सम्बन्धी:**

| क्र.सं. | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|

नेपाल सरकार
गृह मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| १ | कम्तीमा ३० दिनको रेकर्ड राख्ने व्यवस्था सहितको सि.सि.टि.भि. को व्यवस्था भए/ नभएको | | | |
| २ | ध्वनि प्रदुषण नियन्त्रण गर्न उचित व्यवस्था गरे/नगरेको | | | |
| ३ | Live Music, Pub Dance club, Disco, Dohari आदिमा प्रयोग हुने उपकरणहरुलाई Sound Proof गर्ने उपाय अवलम्वन गरे/ नगरेको | | | |
| ४ | व्यवसाय परिसरभित्र तथा आगमन र प्रस्थान हुने कम्तीमा १०० मिटर सम्मको क्षेत्रमा आवश्यक मात्रामा बत्तीको व्यवस्था भए/नभएको | | | |
| ५ | व्यवसायको नाम र ठेगाना उल्लेख गरी सजिलै देख्न सकिने ठाउँमा Digital Display Board भएको/नभएको | | | |
| ६ | अग्नी नियन्त्रण (Fire Extinguisher) सामाग्रीको व्यवस्था गरे/नगरेको | | | |
| ७ | आन्तरिक सुरक्षा व्यवस्था लागि सुरक्षा गार्डको व्यवस्था भए/ नभएको | | | |
| ८ | आपतकालिन द्धारको व्यवस्था भए/ नभएको | | | |
| ९ | कर्मचारी कामदार तथा सेवाग्राहीको अभिलेख राख्ने गरे/नगरेको | | | |
| १० | नजिकको सुरक्षा निकायसँग सम्पर्क समन्वय भए/नभएको | | | |

**अन्य व्यवस्था:**

| क्र.सं. | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | मुल्यसूची राखे/नराखेको | | | |
| २. | व्यवसायीले आफुले सञ्चालन गरेको व्यवसायको प्रमाणपत्रहरु सबैले देख्ने ठाउँमा राखे /नराखेको | | | |
| ३. | समय समयमा कर्मचारी र कामदारलाई कामको सम्बन्धमा तालिम, प्रशिक्षणदिने गरे/ नगरेको | | | |
| ४. | व्यवसाय सञ्चालनका सम्बन्धमा समुदायस्तरमा कुनै विवाद भए/नभएको | | | |
| ५. | आचार संहिताको पालना भए/ नभएको | | | |
| ६. | विद्युत आपूर्तिको वैकल्पिक व्यवस्था भए/नभएको । | | | |

सञ्चालकको नामथर

हस्ताक्षर

अनुगमनकर्ताको नामथर

हस्ताक्षर

नेपाल सरकार
गृह मन्त्रालय